१८५२/५३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १७१/०७३/७४

निर्णय नं. ५३

जिल्ला लम्जुङ्ग, बेसीशहर न. पा.-१ निबासी राजेन्द्रप्रसाद अधिकारी ............................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सडक डिभिजन कार्यालय, दमौली, तनहुँ ..........................................१ } विपक्षी
सूचना अधिकारी, सडक डिभिजन कार्यालय, दमौली, तनहुँ ..........................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला लम्जुङ्ग, बेसीशहर न. पा.-१ निबासी राजेन्द्रप्रसाद अधिकारीले सडक डिभिजन कार्यालय, दमौली, तनहुँ समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।११ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी सडक डिभिजन कार्यालय, दमौली, तनहुँको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. डुम्रे बेसीशहर सडकको चौडाई र दायाँ बायाँ जग्गा कति मिटर लिइएको छ ? उक्त जग्गा प्राप्ति गर्दा के कति दरले मुअब्जा दिईएको थियो ? उक्त सडक विस्तार गर्दा अधिग्रहण गरिने घर-जग्गाको के कति दरले मुअब्जा दिने निर्णय गरिएको छ ?

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम् ।